म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- १४२ २०८० चैत ३० गते शुक्रबार 12 April 2024, Friday - पृष्ठ ४ मूल्य रू. ५/-

**डिभिजन वन कार्यालय, मकवानपुरको अनुरोध।**

वन, वन्यजन्तु, जैविक विविधता र प्राकृतिक वातावरणको संरक्षण गर्दै, थप जनधनको क्षति हुनबाट बचाउनु हामी सबैको कर्तव्य हो । तसर्थ वन डढेँलो नियन्त्रण कार्यमा सहयोग गर्न हुन सम्पूर्ण स्थानीय तह, सरकारी तथा गैह्र सरकारी निकाय, वन समूह, संघ–संस्था, पत्रकार लगायत सम्पूर्णमा डिभिजन वन कार्यालय, मकवानपुर हार्दिक अपिल गर्दछ ।

**डिभिजन वन कार्यालय, मकवानपुर**

# गृहिणी महिला सशक्तिकरण कार्यक्रम सञ्चालन हुँदै

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश सरकारले गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्न प्रदेश सरकार र स्थानीय सरकारबिच सम्झौता गरेको छ । सामाजिक विकास मन्त्रालयमा बुधबार एक कार्यक्रमका बिच प्रदेश सरकारले ३५ स्थानीय तहसँग गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्न सम्झौता गरेको हो ।

प्रदेशका मुख्यमन्त्री शालिकराम जम्कट्टेल, सामाजिक विकासमन्त्री कुमारी मोक्तान र स्थानीय तहका जनप्रतिनिधि, प्रमुख प्रशासकीय अधिकृतबिच सम्झौता भएको हो । बागमती प्रदेशमा स्थायीरुपले बसोबास गर्ने ग्रामीण भेगका महिलाको सशक्तिकरण तथा क्षमता विकास गर्ने उद्देश्यका साथ प्रदेश सरकारले गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन गर्न लागेको हो ।

प्रदेश सरकारले यसअघि नै गृहिणी महिला सशक्तिकरण कार्यक्रम कार्यान्वयन कार्यविधि २०८० स्वीकृत भएको छ । प्रदेश सरकारले उक्त कार्यक्रम कार्यान्वयनका लागि चालु आर्थिक वर्ष २०८०/०८१ मा ५ करोड रुपैयाँ बजेट विनियोजन गरेको छ । प्रदेश सरकारको साउन ७ गते बसेको मन्त्रिपरिषद् बैठकले गृहिणी महिला सशक्तिकरण कार्यक्रमका लागि ५ करोड रुपैयाँ रकम छुट्याएको थियो । सशक्तिरण कार्यक्रमपश्चात् महिला समूहलाई बिउ पुँजी, लगानी, उत्पादन, बचत र पुनः लगानीको चक्र पूरा गरी प्रदेश समृद्धिको लक्ष्य हासिल गर्न चाहेको मन्त्री मोक्तानले बताउनुभयो ।

बागमतती प्रदेश सरकारले ग्रामीण गृहिणी महिलाको लागि पहिलो पटक यस्तो कार्यक्रम ल्याएको हो । प्रदेश सरकारले मकवानपुर जिल्लाको बकैया गाउँपालिका र मनहरी गाउँपालिकासँग कार्यक्रम कार्यान्वयनको लागि सम्झौता गरेको छ । यस्तै, सिन्धुलीको मरिण गाउँपालिका, घ्याङ्लेख गाउँपालिका, हरिहरपुरगढी गाउँपालिका, दुधौली नगरपालिका, सुनकोशी गाउँपालिका र गोलन्जोर गाउँपालिकासँग सम्झौता गरेको छ। प्रदेश सरकारले ललितपुरको कोन्ज्योसोम गाउँपालिका, महाङ्काल गाउँपालिका र महालक्ष्मी नगरपालिकासँग सम्झौता गरेको छ ।

यस्तै, सिन्धुपाल्चोकको ईन्द्रावती गाउँपालिका, बलेफी गाउँपालिका र बेथानचोक गाउँपालिकासँग सम्झौता गरेको छ भने काभ्रेपलाञ्चोकको चौरीदेउराली गाउँपालिका, पाँचखाल नगरपालिका, पनौती नगरपालिका, मण्डनदेउपुर नगर पालिका, खानीखोला गाउँपालिका र बनेपा नगरपालिकासँग सम्झौता गरेको छ । भक्तपुरको मध्यपुर थिमी नगरपालिकाबीच कार्यक्रम कार्यान्वयन सम्झौता गरेको प्रदेश सकारले धादिङको नेत्रावती डबजोङ गाउँपालिका, बेनिघाट रोराङ गाउँपालिका, रुबिभ्याली गाउँपालिका, ज्वालामुखी गाउँपालिका, खनियाबास गाउँपालिका र थाक्रे गाउँपालिकासँग पनि सम्झौता गरेको छ । यस्तै, नुवाकोटको किस्पाङ गाउँपालिका, बेलकोटगढी नगरपालिका, शिवपुरी गाउँपालिका, पञ्चकन्या गाउँपालिका र दुप्चेश्वर गाउँपालिकासँग सम्झौता भएको छ। रामेछापको मन्थली नगरपालिका, काठमाडौंको नागार्जुन नगरपालिका र चितवनको इच्छाकामना गाउँपालिकासँग पनि प्रदेश सरकारले सम्झौता गरेको हो । सम्झौतापश्चात् सामाजिक विकास मन्त्रालयले स्थानीय तहका प्रतिनिधिहरुलाई अभिमुखीकरणसमेत गराएको थियो ।

## अन्तरर्राष्ट्रिय सांगीत पुरस्कार थापालाई

# युवा संगीत पुरस्कार देशारलाई



गीतकार राजेन्द्र थापालाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौंडाः भीम विराग संगीत, साहित्य, कला प्रतिष्ठान मकवानपुरले वरिष्ठ गीतकार राजेन्द्र थापालाई विजुली माया वनः श्रेष्ठ अन्तर्राष्ट्रिय संगीत पुरस्कार-२०८० बाट सम्मान गरिएको छ । बिहिबार हेटौंडामा एक कार्यक्रमको आयोजना गर्दै वरिष्ठ साहित्यकार थापालाई एक लाख रुपैयाँ नगद राशीसहित सम्मान गरिएको हो ।

व्यवसायी कन्हैयाकृष्ण श्रेष्ठले आफ्नी आमाको सम्मानमा पुरस्कार स्थापना गर्नुभएको हो । पाँच दशक भन्दा लामो समयबाट गीत लेखनको माध्यमबाट उत्साहका साथ अविच्छिन्न रुपमा नेपाली चलचित्र तथा सुगम संगीतको आयामलाई विश्व जगतमा परिचित गराउन दिएको योदनाको कदर गर्दै वरिष्ठ गायक थापालाई सम्मान गरिएको आयोजकले जनाएको छ । यस्तै भीम विराग युवा संगीत पुरस्कार २०७९ बाट गायिका निशा देशारलाई सम्मान गरिएको छ । २ दशकदेखि गायन कलाको माध्यमले आधुनिक नेपाली सुगम संगीतको वृद्धि गर्नका लागि पुऱ्याएको योगदानको कदर गर्दै तेस्रो युवा संगीत पुरस्कार २०७९ बाट देशारलाई २५ हजार रुपैयाँको नगद राशी सहित सम्मान गरिएको हो ।

प्रतिष्ठानका अध्यक्ष केशवलाल श्रेष्ठको सभाध्यक्षमा तथा वरिष्ठ साहित्यकार नगेन्द्र थापाको प्रमुख आतिथ्यमा कार्यक्रम भएको हो । कार्यक्रममा कविडाँडा साहित्य समाजका अध्यक्ष एलबी क्षेत्री, सर्जक सञ्जाल मकवानपुरका संयोजक निमेष निखिल, पुरस्कारका संस्थापक कन्हैयाकृष्ण श्रेष्ठको पनि आतिथ्य रहेको थियो ।




# नेकपा माओवादी केन्द्रको मकवानपुर जिल्ला संयोजकमा पाखिन



भीम पाखिन (बायाँ), वीरबहादुर घलान (दायाँ) ।

समाज संवाददाता

हेटौंडाः नेकपा माओवादी केन्द्रको मकवानपुर जिल्ला समन्वय समितिको संयोजकको जिम्मेवारी भीम पाखिनलाई दिइएको छ । नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटीको चैत २० गते बसेको बैठकले पाखिनलाई जिल्ला संयोजकको जिम्मेवारी दिइएको हो । यसअघि जिल्ला संयोजकमा सर्केश घलान हुनुहुन्थ्यो ।

यसअघि पाखिन जिल्ला समन्वय समितिको सचिव हुनुहुन्थ्यो । यस्तै जिल्ला सचिवमा वीरबहादुर घलान (ज्वाला) लाई जिम्मेवारी दिइएको छ। नेकपा माओवादी केन्द्र बागमती प्रदेश कमिटीका अध्यक्ष सरल सहयात्रीले संयोजक र सचिव चयन गर्ने निर्णय भएको जानकारी दिनुभयो । जिल्ला संयोजकले पालिका तह र तल्लो तहको पार्टी संरचनालाई क्रियाशील गराउने जिम्मेवारी रहने सहयात्रीले बताउनुभयो । यसअघि जिल्ला इन्चार्जमा विजय गौतमलाई जिम्मेवारी दिइएको थियो ।

पार्टीको प्रदेश कमिटीमा रहने जिल्लाका पदाधिकारी तथा सदस्यहरुको समितिले जिल्ला संयोजक सिफारिस गर्ने व्यवस्था रहेको एक नेताले जानकारी गराएका छन् । गत फागुन १ गतेदेखि ३ गतेसम्म भएको पार्टीको विधान अधिवेशनले कार्यकारी पदमा रहेका पार्टीका नेताहरुलाई पार्टीको प्रमुखको जिम्मेवारी नदिने निर्णयअनुसार जिम्मेवारी हेरफेर गरिएको बताइएको छ । पार्टीको पालिका कमिटीको कार्यकाल २ बर्ष, प्रदेश कमिटीको कार्यकाल ३ बर्षको रहने व्यवस्था भए पनि जिल्ला समन्वय समितिको कार्यकाल भने निश्चित छैन ।

**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

**हेटौंडा रिफरेन्स ल्यावरोटरी**

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७



# सम्पादकीय

## जनतालाई निराश नपारौं

नेपालमा पछिल्लो सात दशकमा सातै प्रकारको शासन व्यवस्था लागू गरिए पनि आम नागरिक कुनै व्यवस्थाप्रति खुशी हुन सकेका छैनन् । संसारकै सबैभन्दा सम्मुन्नत र जनमुखी शासन व्यवस्था मानिएको संघीय लोकतान्त्रिक गणतन्त्रमा पनि नेपाली जनता निराश छन् । जनतालाई आशामुखी बनाउन राजनीतिक नेतृत्वको भूमिका महत्वपूर्ण हुन्छ । राजनीतिक दल र तिनका नेतृत्वले जनतामा आशा जगाउन सकेका छैनन् । उल्टो उनीहरुले वर्तमान व्यवस्थाप्रति जनतामा निराशा बाँडिरहेको राजनीतिक नेतृत्वकै आरोप छ । बागमती प्रदेश सरकारका मुख्यमन्त्री शालिकराम जमकट्टेले वर्तमान संघीय व्यवस्थाप्रति जनतालाई निराशा बाँड्न नहुने बताएका छन् । बुधबार हेटौंडामा जिल्ला समन्वय समिति महासंघ नेपाल र प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमको संयुक्त आयोजनामा भएको संघीयता सुदृढीकरण तथा संविधान कार्यान्वयन विषयक गोष्ठीलाई सम्बोधन गर्दै उनले जनतालाई निराश पार्न नहुने बताएका हुन् ।

नेपालमा वि.सं २००७ सालअघि करिब १०४ वर्षसम्म निरंकुश राणा शासन चल्यो । राणा शासनकालमा नेपाली जनता चरम निराशामा थिए । जनतामा कुनै अधिकार थिएनन् । राज्यका सबै स्रोत साधन राणाहरुकै नियन्त्रणमा थियो भने उनीहरुको मुखबाट निस्किएको बोली नै कानुन हुन्थ्यो । यस्तो निरंकुश शासन अन्त्य गर्न तत्कालीन राजनीतिक दल र नेतृत्वले गरेको संघर्षबाट देशमा बहुदलीय प्रजातान्त्रिक व्यवस्था लागू भयो । करिब एक दशक प्रजातन्त्रको अभ्यास गर्दा पनि जनतामा कुनै खुशीयाली नमिलेको भन्दै तत्कालीन राजा महेन्द्रले २०१७ सालमा दलमाथि प्रतिबन्ध लगाउँदै पञ्चायती व्यवस्था सुरु गरे । पञ्चायती शासन सुरु भएको करिब २ दशकपछि बहुदलीय व्यवस्था र सुधारिएको पञ्चायती व्यवस्था छान्नका लागि जनमत संग्रह भयो र सुधारिएको पञ्चायती व्यवस्थालाई निरन्तरता दिने पक्षमा धेरै जनमत रहेको नतिजा आयो । त्यसको करिब एक दशकपछि राजनीतिक दलहरुले जनआन्दोलन गरेर पञ्चायती शासन व्यवस्था हटाएर बहुदलीय प्रजातान्त्रिक व्यवस्था पुन:स्थापना भयो ।

२०६१ सालबाट करिब एक वर्ष राजाको प्रत्यक्ष शासनमा भोगेपछि दोस्रो जनआन्दोलन गरेर गणतन्त्रको बिउ रोप्ने काम भयो । यसैबीचमा माओवादी सशस्त्र आन्दोलन सुरु र अन्त्य पनि भयो । त्यसपछि राजाको अधिकार निलम्बन गर्दै संविधानसभाको निर्वाचन भयो । संविधानसभाको पहिलो बैठकले करिब २४० वर्षसम्म शासन सत्तामा रहेको राजतन्त्र अन्त्य भयो । संघीय लोकतान्त्रिक गणतन्त्र कार्यान्वयनका लागि नयाँ संविधान बन्यो र सोअनुरुप तीन तहको सरकारसहित शासन व्यवस्था सञ्चालन भइरहेको छ । देशमा यति छिटोछिटो शासन व्यवस्था परिवर्तन गरेर पनि नेपाली जनता सन्तुष्ट हुन सकेका छैनन् । जनतालाई निराशा पार्ने काम शासन सत्ता सञ्चालन गर्ने तिनै राजनीतिक दल र नेतृत्व हुन्, जसले जुनसुकै शासन व्यवस्थामा पनि जनताको आकांक्षाअनुसार काम गर्न सकेनन् । अहिलेको शासन व्यवस्थामा राजनीतिक हिसाबले जनताले अधिकार पाएका भए पनि आम नागरिकको जनजीविकालाई सहज बनाउने र देशको आर्थिक समृद्धिको हिसाबले सन्तुष्ट हुने कुनै आधार छैन ।

अहिलेको व्यवस्थाप्रति जनप्रतिनिधि र नेता कार्यकर्ताहरुले नै जनतामा निराशा बाँड्ने काम गरिरहेको आरोप लगाउनुभन्दा शासन सत्ताको जिम्मा लिएकाहरुले जनतालाई खुशी पार्ने काम गर्नुपर्छ । राणा शासनकाल तथा पञ्चायती शासनकालको तुलनामा अहिलेको व्यवस्थामा महिला, दलित र उत्पीडित वर्गको अधिकारलाई राज्यका नीति तथा कानुनले सम्बोधन गरेको छ । राजनीतिक अधिकार र भौतिक पूर्वाधारको आधारमा मुलुक प्रगतितर्फ उन्मुख भए पनि आर्थिक, सामाजिक रुपान्तरणमा वर्तमान व्यवस्थाले जनतालाई सन्तुष्ट पार्न सकेको छैन । यसो हुँदा देशका युवा शक्ति विदेशिने होडबाजी चलिरहेको छ । देशलाई रित्तो बनाउने शासन व्यवस्थाले जनतालाई निराश बनाउनु स्वभाविक हो । संघ, प्रदेश र स्थानीय सरकारको नेतृत्व गर्ने राजनीतिक दल, तिनका नेतृत्व र जनप्रतिनिधिहरुले जनताको आकांक्षाअनुरुप काम गरेर जनतालाई निराश नपार्ने हो भने कसैलाई आरोप लगाउनु पर्दैनथ्यो ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार १११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईंको राशिफल



पं. ज्योतिष: तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अध्ययन-अध्यापनको क्षेत्रमा समय लाग्ला ।
**वृष** : कार्यक्षेत्र र व्यापार-व्यवसायमा समय व्यतित होला ।
**मिथुन** : अरुको काममा समय व्यतित हुने योग रहेको छ ।
**कर्कट** : संकट र जोखिमबाट बच्न सकिने समय छ ।
**सिंह** : आफन्तको सहयोगले काममा पूर्णता प्राप्त होला ।
**कन्या** : बहस र वादविवादमा विजय प्राप्त होला ।
**तुला** : जोखिम र संकटले पूर्ण समय रहेको छ ।
**वृश्चिक** : उपहार तथा चिठ्ठा प्राप्त गर्न सकिने योग छ ।
**धनु** : ऋण सापटीको बोझ हट्ने समय योग छ ।
**मकर** : इच्छाशक्ति र आन्तरिक उर्जाको उदय हुने समय छ ।
**कुम्भ** : निर्णयात्मक काममा ध्यान केन्द्रित हुने समय ।
**मीन** : आत्मविश्वस र दृढ इच्छाशक्तिको उदय होला ।

# अंक बदल्ने कि आर्थिक संरचना ?



शिवराज खड्का




यतिबेला सबैभन्दा धेरै छटपटाहट, असहज महसुस गर्ने निम्न मध्यमवर्ग र मध्यमवर्ग भएको छ । आर्थिक दबाब मध्यमवर्गले खेपिरहेको छ । बेरोजगार, अलमलको भविष्य, मूल्य वृद्धिलगायतका कारणले आर्थिक रूपमा धेरै दबाब अनुभव गरिरहेका छन् । अहिले मान्छे एक मुठा साग महँगिँदा आजित भइरहेको हुन्छ, राजनीतिक प्रणालीलाई सरापिरहेको हुन्छ ।

उता संसद्को बैठकदेखि अन्य सभा-समारोहमा नेताहरू दशकौंदेखि एउटै कुरा दोहोर्याउँदै आएका छन्– नेपाल कृषिप्रधान देश हो, अधिकांश जनता खेतीपातीमा निर्भर छन्, नेपालमा उद्योग छैन, रोजगारी नपाएर युवाहरू विदेश जान बाध्य छन् आदि-इत्यादि । यी सबै भनाइ यथार्थ हुन् तर नीति निर्माणको तहमा बसेर वर्षौंदेखि उल्टै समस्या देखाएर राज्यको स्रोत-साधनमा रजगज गरिरहने कि सुधारको थालनी पनि गर्ने भन्ने प्रश्न नागरिकले पनि जोडदारका साथ उठाउन ढिला भएन र ?

व्यापारमा ठडिएको हाम्रो अर्थतन्त्रको जग जस्ताको तस्तै छ, बदलिएको छैन ।

हाम्रो दुरवस्थाको कारण आन्तरिक हो कि बाह्य भन्ने बहस सन् १९६० को दशकदेखि अनवरत चलिरहेको छ । बजेट निर्माणको प्रक्रिया नै यति दोषी छ कि हामी त्यही पारम्परिक प्रक्रियामा दशकौंदेखि जकडिएका छौं । प्रभावकारी कार्यान्वयनको संरचनाबिना नै लोकप्रियताका लागि बजेटमा नयाँ कार्यक्रम वा परियोजनाहरू घोषणा गर्ने पुरानै रोग हो ।

आयोजनाको छनोट, स्रोत व्यवस्थापन, परियोजनाको कार्यान्वयन र अनुगमनजस्ता प्रणालीगत समस्याका कारण विनियोजित बजेटसमेत खर्च हुन नसक्ने र सधैं पुँजीगत खर्च न्यून हुने परम्परागत रोगले हाम्रो बजेट निर्माण र कार्यान्वयनको प्रक्रिया त जकडिएको छ नै, अर्कातिर वित्तीय अनुशासन, अराजकता, भ्रष्टाचार र बेरुजुको समस्याले हाम्रो सरकारी संरचना ग्रस्त छ । अर्थतन्त्रको संरचनालाई कसरी परिवर्तन गर्ने भन्ने कुरा हरेक वर्षको बजेटमा बहस हुने गरे पनि बलिया कार्यक्रम र तिनको प्रभावकारी कार्यान्वयनको अभावले देशको औद्योगिक क्षेत्र खुम्चिँदै गएको, अर्थतन्त्र आयात र विप्रेषणमुखी बन्दै गएको अनि खाद्यान्नजस्ता आधारभूत कुरामा समेत देश पराधीन बन्दै गएको देखिन्छ । यी समस्या हरेक वर्ष कम हुँदै जानेभन्दा बढ्दै गएका छन् ।

गत वर्षको बजेटले किन लक्ष्य प्राप्त गर्न सकेन, कमजोरीहरू कहाँ देखिए र तिनलाई निराकरण गर्न के कदम चाल्नुपर्छ भन्ने गहन खोजी, विश्लेषणबिना नै सधैं नयाँ बजेट बनाउन मात्र हतारो गर्ने पारम्परिक समस्या त छँदै छ, अर्थतन्त्रको संरचनालाई परिवर्तन गरेर दीर्घकालीन रूपले देशको अर्थतन्त्रलाई पूरै पराधीन हुनबाट जोगाउन केही निर्मम निर्णय लिनुपर्नेमा हरेक पटक बजेट ल्याइँदा कुनै न कुनै रूपले सस्ता नारासाथ छरिएका कार्यक्रम र परियोजनाहरू राखेर लोकप्रिय बन्ने चलन देखिन्छ । पुँजीगत खर्च बढाउनुपर्ने भन्नेबारे बहस हरेक वर्ष हुने गर्छ तर यथार्थमा साधारण खर्चको दायरा बढ्दै एवं पुँजीगत खर्चको दर र दायरा खुम्चिँदै गएको छ ।

उत्पादन र उत्पादकत्व वृद्धि, पूर्वाधार निर्माण, खानेपानी तथा विद्युतमा पहुँच, मानव पुँजी निर्माण र रोजगारी सिर्जना, बहुआयामिक गरिबीको दरमा कमी, दिगो विकास र पर्यावरणीय सन्तुलन, संघीयताको सुदृढीकरण र सुशासनजस्ता विषय राज्यका प्राथमिकता हुन् । तर, सरकारी खर्च प्रणाली, सार्वजनिक खरिदसम्बन्धी विद्यमान व्यवस्था, योजना छनोट तथा विनियोजन, ऋण उपयोग तथा व्यवस्थापन र कर प्रणालीमा तात्विक भिन्नता देखिने गरी काम नभएसम्म अहिलेका आर्थिक समस्याका प्वालहरू टालिने अवस्था देखिन्न ।

आगामी वर्षको बजेट निर्माणको प्रक्रिया सुरु भइसकेको छ । यही बेला अर्थतन्त्रको संरचना परिवर्तन गर्न क्षेत्रगत रूपमा पहिचान भएका समस्यालाई समाधान गर्ने भन्ने बाटो खोज्न जरुरी छ । विकास निर्माणसँग सम्बन्धित ठेक्का प्रक्रियामा आउने विवादलाई निरूपण गर्न सार्वजनिक खरिदसम्बन्धी कानुन संशोधन, विद्यमान कर प्रणालीको पुनरावलोकन गरी स्वच्छ, पारदर्शी तथा लगानी एवं व्यवसायीमैत्री बनाउन र स्थानीय तहको राजस्व परिचालन सहज बनाउन आवश्यक नीति तथा मापदण्ड बनाउन, वैदेशिक सहायतालाई राष्ट्रिय प्रणालीमार्फत उच्च प्रतिफलयुक्त, रणनीतिक एवं रुपान्तरणकारी आयोजनामा परिचालनलगायतका धेरै कुरा प्राथमिकतामा राखेर बजेट, नीति तथा कार्यक्रम ल्याउन आवश्यक छ ।

राज्यका तीन तहका अधिकार बाँडफाँडलाई थप स्पष्ट पार्ने, कृषि, यातायात, ऊर्जा, पर्यटन र सूचना प्रविधिलाई आर्थिक वृद्धिको संवाहकका रुपमा योजना अघि बढाउने, वित्तीय र मौद्रिक औजार प्रयोग गरी सरकार र निजी क्षेत्रको संयुक्त प्रयासबाट समष्टिगत आर्थिक स्थायित्व कायम गरी तीव्र आर्थिक वृद्धि हासिल गर्नतर्फ राज्यका संयन्त्रहरु कहिले लाग्ने ? सार्वजनिक खर्च व्यवस्थापनलाई नतिजामुखी बनाउन पुँजीगत खर्च वृद्धि गर्न र विकास आयोजनालाई सहजीकरण गर्न नतिजामा आधारित आयोजना व्यवस्थापन प्रणालीसहितको विकाससम्बन्धी छुट्टै कानुन तर्जुमा आवश्यक छ । विनियोजन कुशलता कायम गर्न दीर्घकालीन सोचअनुरुप राष्ट्रिय प्राथमिकताका आधारमा विकास कार्यक्रम र आयोजनालाई बजेटसँग आबद्ध गर्ने बेला भएन र ?

नेपालजस्तो सानो र विकासशील मुलुकमा निर्माण हुने ठूला पूर्वाधारहरू मुलुकको आफ्नै लगानीबाट मात्र सम्भव छैन । यसका लागि वैदेशिक ऋण तथा सहयोगको आवश्यकता पर्छ । यी वैदेशिक ऋणको साँवा र ब्याज समयावधिभित्रै भुक्तानी गर्नुपर्ने हुन्छ । तसर्थ, कुनै पनि पूर्वाधार निर्माण गर्दा अल्पकाललाई मात्र ध्यान नदिई दीर्घकालीन दृष्टिकोणले समेत सोच्नुपर्ने हुन्छ । नत्र मुलुकले ठूलो आर्थिक संकट बेहोर्नुपर्छ ।

ताजा ज्वलन्त उदाहरण छिमेकी मुलुक श्रीलंकाले अघिल्लो वर्ष बेहोरेको आर्थिक संकटलाई लिन सकिन्छ । अर्बौं वैदेशिक ऋणको सहायतामा निर्माण गरिएका पूर्वाधारहरूले सोचेअनुरूप प्रतिफल नदिँदा श्रीलंकाले इतिहासमै सबैभन्दा कठिन आर्थिक स्थिति सामना गर्नुपरेको थियो । किनभने नेपालको आर्थिक संरचना पनि श्रीलंकासँगै मिल्दोजुल्दो छ । यसैकारण गहिरो अनुसन्धान र दीर्घकालीन सोचबिना बनेका कुनै पनि पूर्वाधारमा गरिएको लगानी बालुवामा पानी खन्याएसरह हुनेमा दुईमत छैन ।

विप्रेषण, कर्जा आयात र जग्गामा लामो समयदेखि मुलुकको आर्थिक संरचना केन्द्रित हुँदा अहिलेको यो असहज समस्या उत्पन्न भएको एक अध्ययनले पनि देखाएको छ । रेमिटेन्सका कारण सर्वसाधारणको उपभोग्य क्षमता बढेको छ । जसले वस्तु तथा सेवाको माग पनि बढाउँछ । आन्तरिक उत्पादन नभए पनि सहज आयात छ । उच्च प्रतिफल र सहज कर्जाका कारण जग्गामा लगानी पनि बढ्यो, मुलुकको आर्थिक संरचना नै यसमा केन्द्रित छ । रेमिटेन्समा केही गिरावट आउनेबित्तिकै अर्थतन्त्रमा ठूलो प्रभाव पर्नेछ । बढ्दो परनिर्भरताले मुलुक गम्भीर अवस्थाबाट गुज्रिरहेको र यसले भविष्यमा झनै समस्या निम्तिन सक्नेछ । अर्थतन्त्र कर्जामा निर्भर रहँदा त्यसको अभावका कारण अर्थतन्त्रमा मागको संकुचन आउँदा अधिकांश व्यवसाय जोखिममा परेको छ ।

मुलुक संघीय संरचनामा जाँदा आर्थिक गतिविधि छरिएको, सरकारको आवश्यकतामा आएको परिवर्तन, कोरोना महामारी तथा अस्थिर नीतिका कारण अनौपचारिक अर्थतन्त्र बढेको पाइएको छ । आयातमा लगाइएको प्रतिबन्धका कारण सन् २०२१ पछि अनौपचारिक गतिविधि अझै बढेको छ । अनौपचारिक अर्थतन्त्रको आकार बढ्दै जाँदा सर्वसाधारण र सरकारबीचको दूरी पनि बढ्दै जानेछ । अनौपचारिक अर्थतन्त्र बढ्दै जाँदा राज्यबाट पाउनुपर्ने सुविधा पाउन जनता वञ्चित हुने, सरकारले पाउनुपर्ने कर पनि नआउने लगायतका समस्याहरू देखिन्छ । अर्थतन्त्र अनौपचारिक भएपछि सुविधा दिन र लिन पनि समस्या हुन्छ । सरकार र जनता जोडिने संयन्त्र नै औपचारिक अर्थतन्त्र हो । नजोडिएपछि उनीहरूलाई के समस्या परेको छ, त्यो हेर्न सकिन्न ।

राष्ट्रिय तथ्यांक कार्यालयले सार्वजनिक गरेको मुलुकको जनसंख्याको आर्थिक संरचना विवरणअनुसार दस वर्ष वा सोभन्दा माथि उमेर समूहको कुल जनसंख्याको लगभग दुईतिहाइ अर्थात् ६५.६ प्रतिशत आर्थिक रूपमा सक्रिय छन् । आर्थिक रूपमा सक्रिय पुरुष ७१ प्रतिशत र महिला ६०.४ प्रतिशत छन् । प्रतिवेदनअनुसार नेपालमा १० वर्ष वा सोभन्दा माथिका जनसंख्यामा १२ महिनामा ६ महिना वा सोभन्दा बढी समय काम गर्ने वा काम खोज्ने आर्थिक रूपमा सक्रिय व्यक्ति ९३ प्रतिशत छन् । २०७८ सालको जनगणनाअनुसार नेपालमा रहेको परिवारको संख्या ६६ लाख ६० हजार ८ सय ४९ छ । जसमध्ये १३.४ प्रतिशत परिवारको कम्तीमा एक सदस्य देशभित्रै अन्य कुनै ठाउँमा बसोबास गरिरहेका छन् भने २३.४ प्रतिशत परिवारबाट कम्तीमा एक सदस्य विदेशमा बसोबास गरिरहेको देखिएको छ । यसले पनि देशको भविष्य संकेत गर्छ नै ।

सरकारले बजेट निर्माणमा कुन उमेर समूहलाई आर्थिक क्रियाकलापमा सक्रियता बनाउने, कुन भूगोलमा कुन परियोजना र विकासको मोडल फलदायी हुन्छ भन्ने कुरामा पनि ध्यान दिन जरुरी छ । विकासले मात्रै मान्छे नरोकिएका हुँदा रोजगारीका लागि के-कस्ता अवसरहरूको खोजी र कार्यान्वयन गर्न सकिन्छ भन्नेतर्फ ध्यान नदिने हो भने स्थिति भयावह हुने नै छ ।

आर्थिक वर्ष २०८०-८१ को बजेटले कृषि, उर्जा र पर्यटनलाई मुख्य प्राथमिकतामा राखेको छ ।

तथापि किसानले समयमा रासायनिक मल तथा बीउबिजन नपाउने समस्या ज्यूँका त्यूँ छन् । नेपालका सबैजसो ग्रामीण बस्तीमा जसोतसो गुजारामुखी कृषि चलेका छन्, त्यसमाथि पनि सिँचाइको अभाव, जंगली जनावरको हैरानी, समयमा बीउबिजन र रासायनिक मलको अभाव आदि कारणले धेरैजसो किसानले कृषि पेसा छोडेर स्वदेशमै ज्याला-मजदुरी या वैदेशिक रोजगारीको बाटो रोज्न बाध्य छन् । आधुनिक पद्धतिबाट ठूला परियोजना निर्माण गरी खेतीयोग्य जमिनमा सिँचाइ सुविधा विस्तार गर्ने, आधुनिक कृषि औजार उपलब्ध गराउने तथा आधुनिक कृषि उत्पादनका लागि तालिम तथा परामर्श प्रदान गरेर परम्परागत खेती प्रणालीलाई आधुनिकीकरण गर्न प्रेरित गर्न आगामी बजेट चुक्नु हुँदैन ।

कृषि अनुदानको नाममा ससाना र कम स्थानीय सरकारमार्फत वितरण गर्नुको सट्टा स्वदेशमै रासायनिक मल उत्पादन गर्ने, उद्योग स्थापना गर्ने र ठूलो परियोजना निर्माण गरी सिँचाइ सुविधा तथा जंगली जनावर नियन्त्रण एवं सामूहिक खेती प्रणाली र रेखदेख प्रणालीमा जोड दिनुपर्छ । कृषि उपज बजारमा लाने सवाल पनि धेरै नै चुनौतीपूर्ण छ । त्यसमा पनि सरकारले काम गर्नुपर्ने देखिन्छ ।

बेरोजगारीले बिस्तारै बसाइँसराइलाई बढावा दिँदा नेपालका अधिकांश ग्रामीण बस्ती रित्तिँदै गएका छन् । कृषि, पर्यटन, उद्योगधन्दा तथा जलविद्युतको विकास तीव्र गतिमा भएमा रोजगारीको समस्या स्वत: समाधान हुनेछ । उद्योगधन्दा सञ्चालन र नयाँ खुलेका छैनन् । भएका पुराना उद्योगहरू सञ्चालन गर्न सक्दा एकातिर रोजगारीको सिर्जना भई बेरोजगारी समस्या समाधानमा टेवा पुग्छ भने अर्कातर्फ आयातलाई न्यूनीकरण गर्नसमेत महत्वपूर्ण योगदान पुग्नेछ । पुराना उद्योग सञ्चालनका साथसाथै नयाँ उद्योग स्थापनामा समेत सरकारले जाँगर देखाउनुपर्ने आवश्यकता देखिन्छ ।

वैदेशिक व्यापारको अवसर लागत विश्लेषण गरी अधिकतम श्रमशक्ति सद्पयोग हुने तथा नेपालका कच्चा पदार्थको प्रयोग गरी कम लागतमा उत्पादन हुन सक्ने विशेष गरी कृषिजन्य उत्पादनमा आधारित उद्योगधन्दा, कलकारखानाको स्थापनामा सरकारको प्रत्यक्ष संलग्नताको खाँचोलाई आगामी वर्षको बजेटले सम्बोधन गर्नुपर्ने देखिन्छ । बजेटको खास समस्या निर्माणमा भन्दा ज्यादा कार्यान्वयनमा हो । तथापि बजेट निर्माणमै ध्यान पुर्याएर पर्याप्त गृहकार्य र पूर्वतयारी गर्ने हो भने कार्यान्वयन पक्ष प्रभावकारी बन्न सक्छ । बजेट उत्पादन र नतिजामुखीभन्दा बढी वितरणमुखी तथा लोकप्रियतामुखी हुने गरेको छ । निर्वाचनको समयमा कार्यकर्ता र मतदाताको चित्त बुझाउन बाँडिएका लोकप्रिय वाचा र नारालाई समेट्दै जाँदा बजेट पूर्णतया वितरणमुखी बन्दै गएको हो ।

लोकप्रिय कार्यक्रमभन्दा उत्पादनमुखी र नतिजामुखी कार्यक्रम तथा परियोजनामा जोड दिने, विकास बजेट वृद्धिसँगै प्रशासनिक खर्चमा मितव्ययिता अपनाउने हो भने बजेटले नयाँ गन्तव्य पहिल्याउनेछ । सँगै, लघुवित्त र सहकारी क्षेत्रका समस्यालाई तत्काल समाधान गरी पीडितको घाउमा मलम लगाउने र भविष्यमा यस्ता समस्या आउन नदिने गरी आगामी वर्षको बजेटको ध्यान केन्द्रित हुनुपर्छ । आन्तरिक र बाह्य ऋणभारसँगै पुँजीगत खर्चको अनुपात बढ्दै गइरहेको, चालु खर्च तथा वित्तीय व्यवस्थापन खर्चको अनुपात बढ्दै गइरहेको सन्दर्भमा बजेट निर्माणको चरणमै गम्भीर भएर सोच्नुपर्ने देखिन्छ । टुक्रे आयोजना कटौती गर्नुपर्छ । परियोजना छनोट गर्दा तथा बजेट विनियोजन गर्दा केही बोल्ड निर्णय लिने, ती आयोजनाको आवश्यकता र प्रभावकारिताबारे गम्भीरतापूर्वक अध्ययन गर्नुपर्ने देखिन्छ ।

संकटका बेला ल्याइने बजेटमा लोकप्रिय होइन कि निर्मम बन्न जरुरी छ । साधारण खर्च धेरै हदसम्म घटाउन सके यसले आर्थिक स्थायित्व पुन:स्थापित गर्न सहयोग गर्नेछ । अर्कातिर, पूर्वाधार विकासमा लगानी र पुँजीगत खर्चमा वृद्धिलाई ठूलो प्राथमिकतामा राख्नुपर्छ । राष्ट्रिय गौरवका आयोजनाहरू जति छिटो बने, यिनले देशको समग्र विकासमा त्यति नै बढी टेवा पुर्याउनेछ । अब अर्थतन्त्रको संरचनात्मक परिवर्तनलाई मुख्य लक्ष्य बनाउन जरुरी छ । हरेक चुनौतीले नयाँ मौका पनि बोकेर ल्याउँछ । *(स्रोत: कारोबारदैनिक)*

# शालिग्राम संरक्षण ऐन आवश्यक छ

समाज संवाददाता

हेटौंडाः हेटौंडामा राष्ट्रिय नामित अमूर्त सांस्कृतिक सम्पदासम्बन्धी अभिमुखीकरण कार्यक्रम भएको छ। नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको आयोजना तथा बागमती प्रदेशको संस्कृति, पर्यटन तथा सहकारी मन्त्रालयको सहकार्यमा बिहीबार हेटौंडामा अभिमुखीकरण कार्यक्रम भएको हो ।

कार्यक्रममा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सहसचिव डा. सुरेश श्रेष्ठ र मन्त्रालयका प्रमुख पुरातत्व अधिकृत शुभद्रा भट्टराईले अभिमुखीकरण गराउनुभएको थियो। कार्यक्रममा श्रेष्ठले अभौतिक सांस्कृतिक सम्पदा राष्ट्रिय सूचीकरण र संरक्षणका बारेमा अभिमुखीकरण गराउनुभएको थियो ।

छलफलका क्रममा श्रेष्ठले सांस्कृतिक सम्पदाको परिचय, नेपालमा सांस्कृतिक सम्पदाको संरक्षण तथा व्यवस्थापन, अभौतिक सांस्कृतिक सम्पदा, अभौतिक सांस्कृतिक सम्पदाको राष्ट्रिय सूचीकरण प्रक्रियाको बारेमा जानकारी गराउनुभएको थियो । सहसचिव श्रेष्ठले सांस्कृतिक सम्पदाहरुलाई परम्परागतरुपमा नै समुदायबाट स्वामित्व एवम् जिम्मेवारी बोध गरी निरन्तरता दिइनु आवश्यक रहेकोमा जोड दिनुभएको छ ।

यस्तै, समुदाय स्तरसम्म सांस्कृतिक सम्पदाहरुको संरक्षण एवम् व्यवस्थापनसम्बन्धी वृहत्रुपमा जनचेतनाको स्तरवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी समुदायलाई नै क्रियाशील बनाइनुपर्ने, सांस्कृतिक सम्पदाहरुको संरक्षण एवम् व्यवस्थापनलाई सरकार र सम्बन्धित सबै निकायहरुको प्राथमिकतामा पारिनुपर्ने सहसचिव श्रेष्ठले बताउनुभयो। सम्पदा संरक्षणको सुरुवात हरेक व्यक्ति, परिवार अनि समाज हुँदै राज्यसम्म आउनुपर्ने भन्दै उहाँले सम्पदा संरक्षणबाट समुदायले आफ्नो हित हुन्छ भनेर महसुस गर्ने वातावरण सृजना हुनुपर्नेमा जोड दिनुभयो । सम्पदा संरक्षण तथा व्यवस्थापनसँग सम्बन्धित विभिन्न कानुनहरुलाई समयसापेक्ष सुधार एवम् परिमार्जन गर्दै लैजानुपर्ने सहसचिव श्रेष्ठको भनाइ छ ।

छलफलमा मन्त्रालयका प्रमुख पुरातत्व अधिकृत भट्टराईले अभौतिक सांस्कृतिक सम्पदा संरक्षण एवम् व्यवस्थापनको वर्तमान अवस्थाको बारेमा अभिमुखीकरण गराउनुभएको थियो। उहाँले संस्कृति एवम् सांस्कृतिक सम्पदा, कानुनी व्यवस्था, संरक्षण, व्यवस्थापनका लागि जिम्मेवार निकायहरु, चुनौती एवम् समस्याहरु र मन्त्रालयबाट भइरहेका केही प्रयासहरुको बारेमा जानकारी गराउनुभएको थियो ।

अधिकृत भट्टराईले नेपालको सन्दर्भमा आईसीएच परिभाषित गर्दै लैजानुपर्ने, गुठी परम्परालाई निरन्तरता दिनुपर्ने, लोपोन्मुख आईसीएचको संरक्षणमा प्राथमिकता दिनुपर्ने र यससम्बन्धी कानुन बनाई लागू गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले आईसीएच हेर्ने छुट्टै जिम्मेवार निकाय स्थापना गर्नुपर्ने बताउनुभयो । उहाँले नयाँ संघीय संस्कृति नीतिको मस्यौदा तयारी भएको बताउँदै संस्कृति ऐन २०८० को मस्यौदा तयार भई शिघ्र मन्त्रिपरिषदमा स्वीकृतको प्रक्रियामा रहेको जानकारी दिनुभयो ।

कार्यक्रममा सहभगीहरुले नेपाल सरकारले शालिग्राम संरक्षण ऐन बनाउन आवश्यक रहेको बताएका छन्। शालिग्राम नेपालको सम्पत्ति भएकाले सरकारले कानुन बनाएरै संरक्षणमा लाग्नुपर्नेमा जोड दिएका हुन् । वर्षेनि शालिग्राम चोरी निकासी हुने गरेकाले यसको संरक्षमा सरकारले जोड दिनुपर्ने बताइएको छ । सरकारले सम्पदाको संरक्षण गर्ने भन्ने तर पहुँचको आधारमा मात्रै सरकारले सम्पदाहरुमा लगानी गर्ने गरेको कार्यक्रममा सहभागीहरुको आरोप छ ।

# बैशाख २२ गतेदेखि अन्तरकलेज फुटसल प्रतियोगिता हुँदै

समाज संवाददाता

हेटौंडाः अखिल नेपाल फुटबल संघ (एन्फा) को आयोजनामा एन्फा अन्तर कलेजस्तरीय फुटसल च्याम्पियनसीप प्रतियोगिता हुने भएको छ। बुधबार एन्फाका प्रवक्ता सुरेश साहले एक सूचना जारी गर्दै प्रतियोगिताबारे जानकारी दिनुभएको हो ।

बैशाख २२ गतेदेखि जेठ ५ गतेसम्म हुने प्रतियोगिता लगनखेलस्थित नेपाली सेनाको शारीरिक प्रशिक्षण केन्द्रको कभर्डहलमा सञ्चालन हुने जनाइएको छ । प्रतियोगितामा सहभागी हुने कलेजहरुलाई आठवटा समूहमा विभाजन गरेर लिगकम नकआउट प्रणालीमा खेल सञ्चालन गरिने जनाइएको छ ।

प्रतियोगिताको उपाधि विजेता टिमले ५ लाख रुपैयाँ र उपविजेता टिमले ३ लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । यस्तै, प्रतियोगिताको अनुशासित खेलाडीलाई ५० हजार रुपैयाँ तथा अन्य विधागत उत्कृष्ट खेलाडीहरुलाई २५-२५ हजार रुपैयाँ प्रदान गरिनेछ। प्रतियोगिता आयोजनाका लागि ३० लाख रुपैयाँ खर्च हुने अनुमान गरेको एन्फाले जनाएको छ । प्रतियोगितामा सहभागी हुन २० हजार रुपैयाँ दर्ता शुल्क लाग्नेछ। प्रतियोगितामा ब्याच्लर र प्लस टुमा अध्ययन गर्ने विद्यार्थीहरुको सहभागिता रहने जनाइएको छ ।


मकवानपुर बाल विद्या सदन
हेटौंडा-१८, खड्कुले


Makawanpur Bal Bidya Sadan
Hetauda-18, Khadkule

UPCOMING EVENTS

RESULT DAY 10 AM - 3 PM — BAISAKH 04
ENTRANCE EXAMINATION 11 AM - 2 PM — BAISAKH 06
ENTRANCE EXAMINATION 11 AM - 2 PM — BAISAKH 07
SCHOOL RESUMES — BAISAKH 09

9855013977,9840504446
mbbshtd18@gmail.com


## हार्दिक समवेदना



जन्मः २०३१ चैत २५
स्व. गणेशप्रसाद भेटुवाल
देहान्तः २०८० चैत २०


यस निर्मल माविको विद्यालय व्यवस्थापन समितिका पूर्वसदस्य, विद्यालयका सहयोगी आदरणीय **गणेशप्रसाद भेटुवाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

अमृत ओली
अध्यक्ष, विद्यालय व्यवस्थापन समिति

प्रवोध विडारी
प्रधानाध्यापक

**एवम् निर्मल माध्यमिक विद्यालय परिवार**
हेटौंडा-१९, बस्तीपुर

## हार्दिक समवेदना



जन्मः २०३१ चैत २५
स्व. गणेशप्रसाद भेटुवाल
देहान्तः २०८० चैत २०

युवा व्यवसायी, सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय योगदान गर्नुभएका आदरणीय दाजु **गणेशप्रसाद भेटुवाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

नवराज आचार्य
**एवम् नारायणी मल परिवार**
हेटौंडा-४, मकवानपुर

### मेयर कप फुटबल

# १४ र ४ नम्बर वडा सेमिफाइनलमा

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी चौथो संस्करणको वडास्तरीय मेयर कप फुटबल प्रतियोगितामा वडा नम्बर १४ र ४ सेमिफाइनलमा प्रवेश गरेका छन्। बिहीबार भएको क्वार्टरफाइनल खेलबाट वडा नम्बर १४ र ४ सेमिफाइनलमा पुगेको हो ।

हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको क्वार्टरफाइनल खेलमा ७ नम्बर वडालाई ३-२ गोल अन्तरले हराउँदै १४ नम्बर वडा सेमिफाइनलमा प्रवेश गरेको छ। वडा-१४ बाट सञ्जीव मोक्तान, धावा लामा र अनुप राना मगरले गोल गरेका हुन्। ७ नम्बर वडाबाट सुजल श्रेष्ठ र सुशान्त लामाले समान एक-एक गोल गरेका हुन् ।

बिहीबारै भएको दोस्रो क्वार्टरफाइनल खेलमा विजयी हुँदै ४ नम्बर वडाले सेमिफाइनलमा आफ्नो स्थान सुरक्षित बनाएको छ।१ नम्बर वडालाई टाइब्रेकरमा ५-४ गोल अन्तरले हराउँदै वडा-४ अन्तिम ४ मा प्रवेश गरेको नगर खेलकुद विकास समितिका सदस्य विजय गौतमले बताउनुभएको छ ।

निर्धारित समयमा एक-एक गोलको बराबरीमा रोकिएर खेल टाइब्रेकरमा पुगेको सदस्य गौतमले बताउनुभयो । वडा-४ का निरज देउला म्यान अफ द म्याच घोषित भएका छन् ।

प्रतियोगिताको उपाधि विजेता टिमले २ लाख रुपैयाँ र उपविजेता टिमले एक लाख ५० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस्तै, तृतीय हुनेले ५० हजार रुपैयाँ र चौथो हुनेले २५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन्। विधागत उत्कृष्ट खेलाडीहरुका लागि पनि पुरस्कारको व्यवस्था गरिएको छ । प्रतियोगिताको फाइनल खेल बैशाख ४ गते हुनेछ।

### अन्तरप्रदेशस्तरीय राष्ट्रिय खेलकुद

# ६० वटा स्वर्ण हात पार्दै बागमती प्रथम

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश खेलकुद विकास परिषद्को आयोजनामा जारी अन्तरप्रदेशस्तरीय राष्ट्रिय खेलकुद प्रतियोगितामा बागमती प्रदेश ६० स्वर्णसहित प्रथम स्थानमा कायमै छ । बागमती प्रदेशले ६० स्वर्ण, ४२ रजत र ३६ कास्यसहित कुल १३८ पदक जितेको छ।

२१ स्वर्ण, २० रजत र २८ कास्य पदक प्राप्त गर्दै सुदुरपश्चिम प्रदेश दोस्रो स्थानमा छ। १४ स्वर्ण, २२ रजत र ३६ कास्य पदक प्राप्त गर्दै कोशी प्रदेश तेस्रो स्थानमा रहेको छ। ११ स्वर्ण, १६ रजत र २८ कास्य पदक प्राप्त गरेको लुम्बिनी प्रदेश पदक तालिकाको चौथो स्थानमा रहेको छ। ११ स्वर्ण, १० रजत र २४ कास्य पदक प्राप्त गरेको कर्णाली तालिकाको पाँचौं स्थानमा छ। गण्डकीले ९ स्वर्ण, १७ रजत र २० कास्य पदक प्राप्त गर्दै तालिकाको छैठौं स्थानमा रहेको छ।

३ स्वर्ण, २ रजत र १५ कास्य पदक जितेको मधेश प्रदेश तालिकाको पुछारमा छ। प्रतियोगिताको उपाधि विजेता र उपविजेतालाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ। अन्तरप्रदेशस्तरीय प्रतियोगितामा ७ प्रदेशका १ हजार ५ सय भन्दा बढी खेलाडीहरुको सहभागिता रहेको थियो। गौतमबुद्ध अन्तर्राष्ट्रिय क्रिकेट रंगशालामा सुरु भएको प्रतियोगिताको समापन यही शनिबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा हुनेछ। प्रतियोगितामा स्वर्ण, रजत र कास्य पदक विजेताले क्रमशः ५ हजार रुपैयाँ, ४ हजार रुपैयाँ र ३ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको उपाधि विजेता टिमले ट्रफी, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन्।

### अन्तरप्रदेश फुटबल प्रतियोगिता

# फाइनलमा बागमती र कोशी भिड्ने

समाज संवाददाता

हेटौंडाः हेटौंडामा जारी अन्तरप्रदेश राष्ट्रिय पुरुष फुटबल प्रतियोगितामा कर्णाली प्रदेशलाई हराउँदै बागमती प्रदेश फाइनलमा प्रवेश गरेको छ । बिहीबार हेटौंडा-६ स्थित गौरीटार रंगशालामा भएको अन्तिम सेमिफाइनल खेलमा कर्णाली प्रदेशलाई टाइब्रेकरमा ६-५ गोल अन्तरले हराउँदै बागमती प्रदेश फाइनलमा प्रवेश गरेको हो ।

निर्धारित समयमा गोलरहित बराबरीमा रोकिएर खेल टाइब्रकेरमा पुगेको थियो। टाइब्रेकरमा पनि उत्तिकै प्रतिस्पर्धा भएर ४-४ गोलको बराबरीमा रोकिएर खेल सड्न डेथमा पुगेको थियो । सड्न डेथमा दुबै पक्षबाट २-२ जना खेलाडीले बल प्रहार गर्दा बागमतीको खेलाडीले प्रहार गरेको दुबै बल गोलमा परिणत भएको हो भने कर्णालीबाट १ जनाको प्रहारमात्र गोलमा परिणत भएको कारणले हार व्यवर्होनुपऱ्यो ।

खेलको म्यान अफ द म्याच बागमतीका मकवानपुरे खेलाडी कृशल मोक्तान घोषित भएका छन्। अब बैशाख २ गते हुने फाइनल खेलमा बागमतीले कोशी प्रदेशसँग प्रतिस्पर्धा गर्नुपर्नेछ । प्रतियोगितामा ७ वटा प्रदेशको सहभागिता रहेको थियो । प्रतियोगिताको उपाधि र उपविजेता टिमलाई शिल्ड, मेडल तथा प्रमाणपत्र प्रदान गरिनेछ।

# वार्षिकोत्सव तथा वक्तृत्वकला प्रतियोगिता सम्पन्न

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१३ मा रहेको वनस्नपति अनुसन्धान केन्द्र हेटौंडाले 'स्थानीय समुन्नतिमा स्वस्थानीय वनस्पति' भन्ने नाराका साथ ६४ औं वार्षिकोत्सव र २५ औं वनस्पति दिवस सम्पन्न गरेको छ। बिहीबार सामुदायिक वन उपभोक्ता महासंघ नेपालको सहकार्यमा जीवनका लागि वनस्पति विषयमा सचेनामूलक वक्तृत्वकला, अन्तरक्रिया तथा वृक्षरोपण कार्यक्रमसहित वार्षिकोत्सव तथा वनस्पति दिवस मनाइएको हो ।

वक्तृत्वकला प्रतियोगितामा वडा नम्बर १२, १३ र १४ को वडास्तरीय बाल समूह सञ्जालबाट १० जना प्रतियोगीहरु सहभागी थिए। प्रतियोगितामा कृतिका थोकर प्रथम हुनुभएको छ। यस्तै प्रकृति दहाल द्वितीय, दीपा मैनाली तृतीय र आकृति थिङ सान्त्वना हुनुभएको छ । प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेलाई क्रमशः २ हजार, एक हजार ५ सय, एक हजार र पाँच सय रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिएको थियो। वार्षिकोत्सवको अवसरमा सरसफाइ कार्यक्रम पनि गरिएको थियो ।

कार्यक्रममा जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललितबहादुर घलानको प्रमुख आतिथ्य र हेटौंडा उपमहानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत रामबाबु पुरीको विशेष आतिथ्य रहेको थियो । डिभिजन वन कार्यालयका वन अधिकृतहरु र वडा नम्बर १२, १३ र १४ का वडा अध्यक्षहरुको उपस्थिति रहेको थियो। कार्यक्रममा उपस्थिति सबै अतिथिहरुलाई मायाको चिनोस्वरुप ठेकी र कप वितरण गरिएको थियो। कार्यक्रमको समापन वृक्षरोपण गरी गरिएको थियो ।

# कैलाश गाउँपालिकाको कक्षा-८ को नतिजा प्रकाशन

समाज संवाददाता

हेटौंडाः मकवानपुरको कैलाश गाउँपालिकाले आधारभूत तह (कक्षा ८) उत्तीर्ण परीक्षाको नतिजा सार्वजनिक गरेको छ। जिल्लाका सबैजस्तो पालिकामा कक्षा-८ को पालिकास्तरीय परीक्षाको नतिजा सार्वजनिक भइसकेको छ ।

कैलाश गाउँपालिकाले चैत २८ गते बुधबार कक्षा ८ को परीक्षाको नतिजा सार्वजनिक गरेको हो । गाउँपालिकाबाट २ सय ९७ जना विद्यार्थीहरुले परीक्षाको फारम बुझाएकोमा २ सय २३ जना विद्यार्थी उर्तीण भएका छन् । ७४ जना विद्यार्थीहरु अनुर्त्तीण भएको गाउँपालिकाको शिक्षा शाखाका प्राविधिक दीपेन्द्र अधिकारीले जानकारी दिनुभयो। कैलाशमा कक्षा ८ को परीक्षामा ७५ प्रतिशत विद्यार्थी उत्तीर्ण भएको अधिकारीले जानकारी दिनुभयो।

प्राविधिक सहायक अधिकारीका अनुसार परीक्षा फागुन ३० गते शुक्रबारबाट सुरु भई चैत ७ गते बुधबार सकिएको थियो । कैलाश गाउँपालिकामा कक्षा-८ सम्म पढाई हुने विद्यालय १० छन्। गाउँपालिकामा कक्षा ८ को परीक्षा दिने सबै विद्यार्थी सामुदायिक विद्यालयका हुन् । गतवर्षको नतिजा हेरी यसवर्षको नतिजामा केहि सुधार भएको अधिकारीले बताउनुभयो ।

# कृषकलाई स्प्रेयर पम्प वितरण

समाज संवाददाता


हेटौंडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिकाले स्प्रेयर पम्प वितरण गरेको छ । गाउँपालिकाले मकै बाली प्रवर्द्धन कार्यक्रमअन्तर्गत् वडा नम्बर ६, डुम्रेकुनाको कृषक समूहलाई स्प्रेयर पम्प वितरण गरेको हो ।

बिहीबार एक कार्यक्रमका बीच समूहका २० जना कृषकलाई पम्प वितरण गरेको मकवानपुरगढी गाउँपालिकाको कृषि शाखाका प्रमुख चन्द्रकान्त चौधरीले जानकारी दिनुभयो । गाउँपालिकाले ५० प्रतिशत अनुदानमा कृषकलाई विभिन्न कृषि सामग्री हस्तान्तरण गर्दै आएको छ।

गाउँपालिकाले १ देखि ७ नम्बर वडाहरुमा सामग्री वितरण गरिने जनाएको छ। वडा नम्बर ८ मा भने मकैको पहुँच धेरै नभएका कारण सामग्री वितरण नगरिने कृषि शाखाका प्रमुख चौधरीले जानकारी दिनुभयो । २, ४ र ६ नम्बर वडामा वितरण भएको र बाँकी वडामा पनि चाँडै वितरण गरिने उहाँको भनाइ छ।

कार्यक्रममा कृषक समूहका अध्यक्ष कमल सापकोटाको सभाध्यक्षता रहेको थियो। गाउँपालिकाका प्रमुख दोर्जे लामा स्याङ्तान, कृषि शाखा प्रमुख चौधरी र वडा नम्बर-६ का वडा अध्यक्ष कृष्णप्रसाद बजगाईको आतिथ्यमा कार्यक्रम भएको थियो।

हार्दिक समवेदना



जन्मः
२०३१ चैत २५
स्व. गणेशप्रसाद भेटुवाल
स्वर्गारोहणः
२०८० चैत २०

यस सहकारीका पूर्वअध्यक्ष आदरणीय हरिवंश भेटुवालका सुपुत्र, सहकारीका संस्थापक सदस्य युवा व्यवसायी, सामाजिक सेवाको क्षेत्रमा उल्लेखनीय योगदान गर्नुभएका आदरणीय **गणेशप्रसाद भेटुवाल**को निधनको खबरले हामी मर्माहत भएका छौं । यस दुखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

मनकामनामाई बचत तथा ऋण सहकारी संस्था लि. परिवार
हेटौंडा-१९, बस्तीपुर

सामुदायिक रेडियो,
रेडियो निकास
९३.४ मेगाहर्ज
सुनौं र
सुनाऔं
रेडियो निकास ९३.४
The Voice of Community




हार्दिक समवेदना



स्व. बसन्त कुमार ढुंगाना

हेटौँडा जेसीज बर्ष १९९३ का अध्यक्ष तथा हेटौँडा जेसीजको बोर्ड अफ ट्रष्टीका पूर्व अध्यक्ष आदरणीय जेसी **बसन्त कुमार ढुंगाना**को निधनको खबरले हामी मर्माहत भएका छौं । आज १३औं पूण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

जेसीआई सिनेटर कुशकुमार रिजाल
अध्यक्ष एवम् बोर्ड अफ ट्रष्टी परिवार
हेटौँडा जेसीज

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ